DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY



# घरपालुवा जनावरको सुरक्षाको तम्तयारी

## घरपालुवा जनावरका सामानहरूको झटपट लैजान सकिने सूची

- तपाईं अनि तपाईंको घरपालुवा जनावरको स्पष्ट फोटो
- खोप लगाएका विवरणहरू
- पट्टा, हार्नेस, क्रेट अर्थात् टोकरी, वा वाहक
- औषधिहरू
- पानी खुवाउने बटुको अनि पानी
- खाद्यपदार्थ
- बिछ्यौना

- तपाईंको घरपालुवा जनावरको लागि आवश्यक सामग्रीहरूका साथ, तपाईंले यसबारे अगावै सोच्नुहोस् कि निकासीको समयमा तपाईं कुन वस्तुहरू लिएर जान चाहनुहुन्छ। यसमा महत्त्वपूर्ण औषधिहरू वा चिकित्सकीय उपकरण, फोन वा अन्य सर-सञ्चार उपकरण, अनि अनमोल सामग्रीहरूलाई सामेल गर्नुपर्छ।

## आपात स्थितिसम्बन्धी चेताउनीहरू अर्थात् इमरजेन्सी अलर्ट्स प्राप्त गर्नुहोस्

चेताउनीहरूको लागि www.BOCOalert.org-मा पञ्जीकरण गर्नुहोस्
- फोन कल, टेक्स्ट म्यासेज, अनि ई-मेल मार्फत चेताउनीहरू प्राप्त गर्नुहोस्
- जम्मा 5 अवस्थितिहरूको ठेगानालाई सामेल गर्नुहोस्

अथवा

ReachWell एपलाई डाउनलोड गर्नुहोस् अनि त्यसको उपयोग गर्नुहोस्
- साइन-अप गर्ने अथवा व्यक्तिगत जानकारीलाई साझा गर्ने आवश्यकता छैन
- सेल फोनमा दिइने सूचना मार्फत चेताउनीहरू प्राप्त गर्नुहोस्
- चेताउनीहरू 100-भन्दा बढी भाषाहरूमा उपलब्ध छन्
- बोल्डर काउन्टी (Boulder County)-मा पठाइने सबै चेताउनीहरू प्राप्त गर्नुहोस्

सम्झनुहोस् - तपाईं सधैं आफ्नो पहिलो सतर्कताको रूप हुनुहुन्छ। आफ्नो पेटमा विश्वास गर्नुहोस्।
यदि तपाईंले केहि गलत देख्नुहुन्छ, सुन्नुहुन्छ, गन्ध लिनुहुन्छ वा महसुस गर्नुहुन्छ भने, आफूलाई सुरक्षित राख्न निर्णय गर्नुहोस् - यदि तपाईंले सतर्कता प्राप्त गर्नुभएको छैन भने पनि!

## अगाडिको योजना बनाउनुहोस्

### तपाईंका जनावरहरूको पहिचान निश्चित गर्नुहोस्

- तपाईंका घरपालुवा जनावरहरूमा माइक्रोचिप लगाउनुहोस् – तपाईंका पशुचिकित्सक, स्थानीय ह्यूमेन सोसाइटीज्, वा अन्य सङ्गठनहरूले यी सेवाहरू प्रदान गर्छन् अनि यसले तपाईं र तपाईंको घरपालुवा जनावरको पुनर्मेल गराउनको लागि विधिसम्मत तरिका उपलब्ध गराउँछ।

### तपाईंको नेटवर्क अर्थात् सञ्जालको निर्माण गर्नुहोस्

- सङ्ख्याहरूमा नै शक्ति हुन्छ – साथीहरू अनि छिमेकीहरूलाई लिएर तपाईंको सञ्जालको निर्माण गर्नुहोस् जसले आपात स्थितिको बेलामा तपाईंको घरपालुवा जनावरको निकासी अथवा हेरचाहमा तपाईंलाई मद्दत पुर्‍याउन सक्छ।

### आफ्नो घरपालुवा जनावरलाई तालिम दिनुहोस्

- समय रहँदा-रहँदै तालिमको समयमा तपाईंको घरपालुवा जनावरसित तालमेल मिलाउनुहोस्।

- निकासीको समयमा तपाईंको घरपालुवा जनावरले के गरेको तपाईं चाहनुहुन्छ, त्यसबारे विचार गर्नुहोस् – यदि उनीहरूलाई सुरक्षित तरिकाले लैजानको लागि टोकरीमा हाल्नुपर्छ, हार्नेसमा अर्थात् बाँधेर राख्नुपर्छ, वा यस्तो कुनै अन्य कार्यवाहीहरू गर्नुपर्छ, जसको उनीहरू अभ्यस्त छैनन् भने, उनीहरूलाई अहिलेदेखि नै यस्ता अभ्यासहरू गराउन थाल्नुहोस्।

### कहाँ जानुपर्नेछ, त्यसबारे जानिराख्नुहोस्

- यदि तपाईंलाई आफ्नो घरपालुवा जनावरसित स्थान खाली गर्ने खाँचो पर्‍यो भने, तपाईं कहाँ जानुहुनेछ, त्यसको योजना पहिले नै बनाउनुहोस्। तपाईंसित के-कस्ता विकल्पहरू छन्, त्यसबारे जान्नको लागि समय रहँदा-रहँदै परिवार अनि साथी-सँगीहरूसित कुराकानी गर्नुहोस्, वा घरपालुवा जनावरको लागि उपयुक्त होटलहरूको पत्तो लगाउनुहोस्।

## तनाउका सङ्केतहरू

- खाना नखानु, अत्यधिक हाँप्नु, अनि अन्य व्यवहारहरू तनाउका सङ्केतहरू हुन सक्छन्। यदि तपाईंले आफ्नो घरपालुवा जनावरहरूमा लामो समयदेखि उच्च स्तरको तनाउ रहेको देख्नुभयो भने, यसबारे तपाईंका पशुचिकित्सकसित कुरा गर्नुहोस्।
- आफ्नो घरपालुवा जनावरको तनाउको स्तरलाई कम्ती पार्नमा सहयोग पुर्‍याउनको लागि तपाईंले के गर्न सक्नुहुन्छ, त्यसबारे सोच्नुहोस् – अतिउत्तेजनालाई सीमित तुल्याउन उनीहरूको क्रेट (टोकरी), वा केरियर (वाहक)-लाई छोप्नु, अथवा उसलाई मनपर्ने खेलौनालाई साथमा ल्याउनुले तनाउलाई कम्ती पार्नमा मद्दत पुर्‍याउन सक्छ।

## कहाँ जानुपर्नेछ

- सम्भव छ भने, परिवार वा साथी-सँगीहरूसित बस्ने योजना पहिलेबाटै बनाउनुहोस्, वा घरपालुवा जनावरको लागि उपयुक्त होटलका विकल्पहरूको पत्तो लगाउनुहोस्।
- यदि तपाईंको घरपालुवा जनावर त्यो स्थानमा तपाईंसित बस्न सक्दैन जहाँ तपाईं घर खाली गरेर जानुभएको छ भने, तपाईंका घरपालुवा जनावरहरूलाई अस्थायी आवास र हेरचाह उपलब्ध गराउनको लागि बोल्डर उपत्यका ह्युमेन सोसाइटी (Humane Society of Boulder Valley)-सित सम्पर्क गर्न सकिन्छ। निकासीका आदेशहरूलाई फिर्ता लिइएपछि अथवा तपाईंले हेरचाहको अन्य विकल्प फेला पार्नु भएपछि उनीहरूलाई तपाईंले वापस लैजान सक्नुहुनेछ।
- घोडा, गाईवस्तु, अनि अन्य पशुधन जस्ता ठूला जनावरहरूको लागि खुला आश्रयस्थलका अवस्थितिहरूबारे जानकारीको लागि www.boulderodm.gov हेर्नुहोस्।

## यदि तपाईंको घरपालुवा जनावर बन्धनमुक्त भयो भने, के गर्नुपर्नेछ

- यदि आपात स्थितिको समयमा तपाईंको घरपालुवा जनावर बन्धनमुक्त भयो भने, उनीहरूलाई समात्ने प्रयासमा निर्णयहरू लिँदा स्थितिको गहनताबारे विचार गर्नुहोस्। तपाईंले समात्न नसकेको बन्धनमुक्त घरपालुवा जनावरबारे रिपोर्ट गर्नको लागि आफ्नो स्थानीय 911 डिस्प्याच सेन्टर अर्थात् प्रेषण केन्द्रमा फोन गर्नुहोस्, अथवा आपात स्थितिको समयमा www.boulderodm.gov-मा उनीहरू हराएको रिपोर्ट गर्नुहोस्। एकपल्ट रिपोर्ट गर्नु भएपछि तपाईंको घरपालुवा जनावरलाई खोज्न अनि तपाईं र उसको पुनर्मेल गराउनको लागि पशु संरक्षण अधिकारीहरू (Animal Protection Officers)-ले काम गर्नेछन्।
- यदि तपाईंको घरपालुवा जनावरमा माइक्रोचिप लगाइएको छ भने, यसले पशु संरक्षण अधिकारीहरू (Animal Protection Officers)-को लागि तपाईं र उसको पुनर्मेल गराउने विधिसम्मत मार्ग अपलब्ध गराउनेछ।

## थप तयारी जानकारीको लागि

www.boulderodm.gov/preparedness